संन्यास आश्रम कहाँबाट हुन सक्तथे र ? गृहाश्रमको निन्दागर्ने निन्दनीय र प्रशंसागर्ने प्रशंसनीय हुन्। तर स्त्री–पुरुष दुबै परस्पर प्रसन्न, विद्वान्, पुरुषार्थी र सबै किसिमका व्यवहार जान्ने भएमात्र गृहाश्रममा सुख हुन्छ। यसकारण गृहाश्रमका सुखको मुख्यकारण ब्रह्मचर्य र पूर्वोक्त स्वयंवर विवाह हो।

यो संक्षेपमा समावर्त्तन, विवाह र गृहाश्रमको विषयमा शिक्षा लिखियो। यसपछि वानप्रस्थ र संन्यास विषयमा लेखिने छ।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे**
**सुभाषाविभूषिते समार्त्तनविवाहगृहाश्रमविषये**
**चतुर्थः समुल्लासः सम्पूर्णः ॥ ४ ॥**



# अथ पञ्चम–समुल्लासः

## अथ वानप्रस्थ–संन्यासविधिं वक्ष्यामः

**ब्रह्मचर्य्याश्रमं समाप्य गृही भवेत् गृही भूत्वा वनी भवेद्वनी भूत्वा प्रव्रजेत् ॥** —शतपथ कां० १४ ॥

मानिसले ब्रह्मचर्य्याश्रम समाप्त गरेर गृहस्थ भएर वानप्रस्थ भई सन्यासी हुनु उचित हुन्छ, अर्थात् यसै अनुक्रम आश्रमका विधान छन्।

**एवं गृहाश्रमे स्थित्वा विधिवत्स्नातको द्विजः ।**
**वने वसेत्तु नियतो यथावद्विजितेन्द्रियः ॥ १ ॥**
**गृहस्थस्तु यदा पश्येद् वलीपलितमात्मनः ।**
**अपत्यस्यैव चापत्यं तदारण्यं समाश्रयेत् ॥ २ ॥**
**संत्यज्य ग्राम्यमाहारं सर्वं चैव परिच्छदम् ।**
**पुत्रेषु भार्यां निक्षिप्य वनं गच्छेत् सहैव वा ॥ ३ ॥**
**अग्निहोत्रं समादया गृह्यं चाग्निपरिच्छदम् ।**
**ग्रामादरण्यं निःसृत्य निवसेन्नियतेन्द्रियः ॥ ४ ॥**
**मुन्यन्नैर्विविधैर्मेध्यैः शाकमूलफलेन वा ।**
**एतानेव महायज्ञान् निर्वपेद्विधिपूर्वम् ॥ ५ ॥**

—मनुस्मृति ६ । १ । ५

यसरी स्नातक अर्थात् ब्रह्मचर्याश्रमपूर्वक गृहाश्रममा बस्ने द्विज अर्थात् ब्राह्मण, क्षत्रिय र वैश्यले गृहस्थाश्रम पूर्ण गरेर निश्चितात्मा र जितेन्द्रिय भएर वनमा बस्नुपर्छ ॥ १ ॥ आफ्ना केश फुलेका र छाला चाउरी परेको देखेपछि तथा छोराका पनि छोरा भए पछि गृहस्थले वनमा गएर बस्नुपर्दछ ॥ २ ॥ गाउँघरका सबै आहार–विहार र लत्ता–कपडा आदि असल खाने लाउने आदि पदार्थहरू छोडेर, पत्नीलाई छोराहरू जिम्मा लगाएर अथवा सँगै लिएर वनमा गई बस्नुपर्दछ ॥ ३ ॥ साङ्गोपाङ्ग अग्निहोत्र साधन लिएर गाउँबाट निक्ली, दृढेन्द्रिय भएर वनमा गई बस्नुपर्दछ ॥ ४ ॥ नानाकिसिमका सावधान, नीवार आदि अन्न, राम्रा राम्रा सागपात, कन्दमूल, फलफूल आदिबाट पूर्वोक्त पञ्चमहायज्ञ गर्नेगर्नुपर्छ र त्यसैबाट अतिथिसेवा, अनि आफ्नो निर्वाह पनि गर्नुपर्छ ॥ ५ ॥



PDFill PDF Editor with Free Writer and Tools

**स्वाध्याये नित्ययुक्तः स्याद्दान्तो मैत्रः समाहितः।**
**दाता नित्यमनादाता सर्वभूतानुकम्पकः॥ १॥**
**अप्रयत्नः सुखार्थेषु ब्रह्मचारी धराशयः।**
**शरणेष्वममश्चैव वृक्षमूलनिकेतनः॥ २॥**

—मनुस्मृति ६। ८, २६

स्वाध्याय अर्थात् पठन–पाठनमा सधैं लागिरहने, जिवात्मा, सबैको मित्र, इन्द्रियहरूलाई दमन गर्ने, विद्या आदिको दान दिने, सबैमाथि दयालु र कसैसँग केही पनि नलिने भएर सदा बस्नुपर्दछ॥ १॥ शरीरको सुखका लागि धेरै प्रयत्न गर्नुहुन्न। ब्रह्मचारी रहनुपर्दछ अर्थात् आफ्नी स्त्री सँगै भएतापनि ऊसँग विषय चेष्टा केही गर्नुहुन्न, भूइँमा सुत्नु पर्छ, आफ्ना आश्रित अथवा आफ्ना पदार्थमा ममता राख्नुहुन्न र रूखमुनि बस्नुपर्दछ।

**तपः श्रद्धे ये ह्युपवसन्त्यरण्यो शान्ता विद्वांसो भैक्ष्यचर्यां चरन्तः।**
**सूर्यद्वारेण ते विरजाः प्रयान्ति यत्राऽमृतः स पुरुषो ह्यव्ययात्मा॥ १॥**

—मुण्डकोपनिषत् १। २। ११

तप, धर्मानुष्ठान र सत्यलाई श्रद्धा गरी भिक्षाचरण गर्दै वनमा बस्ने विद्वानहरू, निर्मल भएर प्राणद्वारबाट नाशरहित, पूर्णपुरुष, हानिलाभरहित परमात्मा भएको ठाउँ प्राप्त गरेर आनन्दित हुन्छन्॥ १॥

**अ॒भ्याद॑धामि स॒मिध॒मग्ने॑ व्रतपते॒ त्वयि॑।**
**व्र॒तञ्च॑ श्र॒द्धां चोपै॑मी॒न्धे त्वा॑ दीक्षि॒तो अ॒हम्॥ १॥**

—यजुर्वेदे॥ अध्याये २०। मं० २४॥

वानप्रस्थीले म अग्निमा होम गरेर, दीक्षित भएर व्रत, सत्य आचरण र श्रद्धा प्राप्त गरौं भन्ने इच्छा गर्दै नानाकिसिमका तपश्चर्या, सत्सङ्ग, योगाभ्यास, सुविचार आदिद्वारा ज्ञान र पवित्रता प्राप्त गर्नु उचित हुन्छ। पछि संन्यास ग्रहण गर्ने इच्छा भएमा पत्नीलाई छोराको जिम्मा लगाएर संन्यास ग्रहण गर्नुपर्दछ।

**इति संक्षेपेण वानप्रस्थविधिः।**

## अथ संन्यासविधिः

**वनेषु च विहृत्यैवं तृतीयं भागमायुषः।**
**चतुर्थमायुषो भागं त्यक्त्वा सङ्गान् परिव्रजेत्॥**

—मनुस्मृति ६। ३३

यसरी आयुको तेस्रो भाग अर्थात् पचासौं वर्षदेखि पचहत्तरौं वर्षसम्म वानप्रस्थ भएर आयुका चौथो भागमा आफन्तहरू र सबै विषय–



वस्तुका समेत संग सम्पर्क त्यागेर परिव्राजक अर्थात् संन्यासी हुनुपर्दछ।

**प्रश्न**—गृहाश्रम र वानप्रस्थाश्रम नगरी संन्यासश्रम गर्नेलाई पाप लाग्छ वा लाग्दैन?

**उत्तर**—लाग्छ पनि लाग्दैन पनि।

**प्रश्न**—यस्तो दोधारे कुरा किन गर्नु?

**उत्तर**—यो दोधारे कुरा होइन, किनभने कुनै व्यक्ति बाल्यवस्थामा विरक्त भएर पछि विषयहरूमा फस्दछ भने त्यो महापापी र फस्दैन भने महापुण्यात्मा सत्पुरुष हो।

**यदहरेव विरजेत्तदहरेव प्रव्रजेद्वनाद्वा गृहाद्वा ब्रह्मचर्यादेव प्रव्रजेत्।** यी ब्राह्मणग्रन्थका वचन हुन। वैराग्य भएकै दिनमा ब्रह्मचर्य, घर अथवा वनबाट संन्यास ग्रहण गर्नुपर्दछ। अर्थात् ब्रह्मचर्य, गृहस्थ र वानप्रस्थ पछि संन्यास ग्रहण गर्नुपर्छ भनियो। यसको विकल्पमा वानप्रस्थ नगरी गृहस्थाश्रमबाटै संन्यास ग्रहण गर्नुपर्छ भनियो। यसको विकल्पमा वानप्रस्थ नगरी गृहस्थाश्रमबाटै संन्यास ग्रहण गर्ने र तेस्रो पक्ष पूर्ण विद्वान् जितेन्द्रिय, विषय भोगको कामना रहित, परोपकार गर्ने इच्छा भएका पुरुष छ भने त्यसले ब्रह्मचर्याश्रमबाटै संन्यास लिन पनि हुन्छ। वेदमा पनि '**यतयः ब्राह्मणस्य विजानतः**' इत्यादि पदमा संन्यासको विधान छ। तर—

**नाविरतो दुश्चरितान्नाशान्तो नासमाहितः।**
**नाशान्तमानसो वापि प्रज्ञानेनैनमाप्नुयात्॥**

—कठोपनिषद्, वल्ली २। मं० २४

जो दुराचारबाट अलग छैन, जसलाई शान्ति छैन, जसको आत्मा योगी छैन र जसको मन शान्त छैन त्यो संन्यास लिएर पनि प्रज्ञाद्वारा परमात्मालाई प्राप्त गर्नसक्तैन॥

**यच्छेद् वाङमनसी प्राज्ञस्तद्यच्छेद् ज्ञान आत्मनि।**
**ज्ञानमात्मनि महति नियच्छेत्तद्यच्छेच्छान्त आत्मनि॥**

—कठ० वल्ली ३। मं० १३॥

बुद्धिमान् संन्यासीले वाणी र मनलाई अधर्म देखि रोक्नुपर्छ। ती दुबैलाई ज्ञान र आत्मामा अनि ज्ञान र आत्मालाई परमात्मामा लगाउनुपर्छ र त्यस विज्ञानलाई शान्तस्वरूप आत्मामा स्थिर गर्नुपर्दछ।

**परीक्ष्य लोकान् कर्मचितान् ब्राह्मणो निर्वेदमायान्नास्त्यकृतः कृतेन।**
**तद्विज्ञानार्थं स गुरुमेवाभिगच्छेत् समित्पाणिः श्रोत्रियं ब्रह्मनिष्ठाम्॥**

—मुण्डकोपनिषद् १। २। १२



PDFill PDF Editor with Free Writer and Tools

सबै लौकिक भोग कर्मबाट सञ्चित भएका हुन् भन्नेकुरा बुझेर ब्राह्मण अर्थात् संन्यासीले वैराग्य हुनुपर्दछ। किनभने अकृत परमात्मा कृतकर्मले मात्र प्राप्त हुँदैन। यसकारण विज्ञान प्राप्तगर्न अर्पणगर्न केही हातमा लिएर वेद र परमेश्वरका ज्ञाता गुरुसमीप जानुपर्दछ। गएर सबै शङ्काहरू समाधान गर्नुपर्दछ—तर यस्ताको संगति छोड्नुपर्दछ।

**अविद्यायामन्तरे वर्त्तमानाः स्वयं धीराः पण्डितम्मन्यमानाः।**
**जङ्घन्यमानाः परियन्ति मूढा अन्धेनैव नीयमाना यथान्धाः॥ १॥**
**अविद्यायां बहुधा वर्त्तमान वयं कृतार्थ इत्यभिमन्यन्ति बालाः।**
**यत्कर्मिणो न प्रवेदयन्ति रागात् तेनातुराः क्षीणलोकाश्च्यवन्ते॥ २॥**

—मुण्डकोष० १। २। ८, ९

अविद्याभित्रै डुबिरहेका, आफूलाई धीर र पण्डित मान्ने, नीच गतितर्फ लाग्ने मूढ व्यक्ति, अन्धाको पछिलाग्ने अन्धाहरूको दुर्दशा भएजस्तै, दुःख पाउँछन्॥ १॥ धेरैजसो अविद्यामै रमाइरहने, बालकको जस्तो बुद्धि भएका, आफूलाई कृतार्थ मान्ने, कर्मकाण्डीबाट राग अर्थात् विषयाभिलाषाका कारण मोहित भएर जान्न र बुझाउन नसकिने व्यक्ति स्वर्ग आदिका कामनाले यज्ञ आदि सकाम कर्ममा आतुर भएर जान्न–मरणरूपी दुःखमा परिरहन्छ्॥ २॥ यसकारण—

**वेदान्तविज्ञानसुनिश्चितार्थाः संन्यासयोगाद्यतयः शुद्धसत्वाः।**
**ते ब्रह्मलोकेषु परान्तकाले परामृताः परिमुच्यन्ति सर्वे॥**

—मुण्ड० ३। सं० २। मं० ६

वेदान्त अर्थात् परमेश्वर–प्रतिपादक वेदमन्त्रको अर्थज्ञान र आचरणमा राम्ररी स्थिर भएका र संन्यासयोगले अन्तःकरण शुद्धभएका संन्यासी परमेश्वरमा मुक्तिसुख प्राप्त भै, मुक्तिसुख भोगेर मुक्तिमा सुखको अवधि पूर्ण भैसकेपछि त्यहाँबाट छुटेर संसारमा आउँछन्। मुक्तिविना दुःख नाश हुँदैन। किनकि—

**न सशरीरस्य सतः प्रियाप्रिययोरपह्नतिरस्यत्यशरीरं वा वसन्तं न प्रियाप्रिये स्पृशतः॥** —छान्दोग्योप० ८। १२। १

शरीरधारी कहिल्यै सुख–दुःख नपाइ रहन सक्तैन। शरीररहित जीवात्मा मुक्तिमा सर्वव्यापक परमेश्वरसँग रहँदा त्यसलाई सांसारिक सुख–दुःख प्राप्त हुँदैनन्॥ यसकारण—

**लोकैषणायाश्च वितैषणायाश्च पुत्रैषणायाश्चोत्थायाथ भैक्षचर्य चरन्ति॥** —शतपथ० १४। ६। ४। १

संन्यासीहरू लोकमा मानप्रतिष्ठाको इच्छा, श्रीसम्पत्तिको इच्छा



र पुत्रादिको मोहभन्दा अलग भएर भिक्षावृत्ति गरेर रातदिन मोक्षका साधनमा तत्पर रहन्छन्।

**प्राजापत्यां निरूप्येष्टिं तस्यां सर्ववेदसं हुत्वा**
**ब्राह्मणः प्रव्रजेत्॥ १॥** —यजुर्वेदब्राह्मणे।

**प्राजापत्यां निरूप्येष्टं सर्ववेदसदक्षिणाम्।**
**आत्मन्यग्नीन्समारोप्य ब्राह्मणः प्रव्रजेत् गृहात्॥ २॥**
**यो दत्वा सर्वभूतेभ्यः प्रव्रजत्यभयं गृहात्।**
**तस्य तेजोमया लोका भवन्ति ब्रह्मवादिनः॥ ३॥**

—मनुस्मृति ६। ३८, ३९

प्रजापति अर्थात् परमेश्वर प्राप्तका निमित्त इष्टि अर्थात् यज्ञ गरेर त्यसमा यज्ञोपवीत अर्थात् जनै, शिखा अर्थात् टुपी आदि चिह्नलाई त्यागेर आहवनीय आदि पाँच अग्निलाई प्राण, अपान, व्यान, उदान र समान यी पाँच प्राणमा आरोपण गरेर ब्राह्मण आर्थात् ब्रह्मलाई जान्नेले घरबार निस्किएर संन्यासी हुनुपर्दछ॥ १,२॥ सबै भूत अर्थात् प्राणिमात्र–लाई अभयदान दिएर घरबाट निस्की संन्यासी हुने ब्रह्मवादि अर्थात् परमेश्वरप्रकाशित वेदोक्त धर्मादि विद्याहरू उपदेश गर्ने संन्यासीका लागि प्रकाशमय अर्थात् मुक्तिको आनन्दस्वरूप लोक प्राप्त हुन्छ॥ ३॥

**प्रश्न**—संन्यासीको के धर्म हो?

**उत्तर**—पक्षपातरहित न्यायको आचरण, सत्य ग्रहण, असत्य परित्याग, वेदोक्त ईश्वरका आज्ञा पालन, परोपकार, सत्यभाषण आदि लक्षण रहेको धर्म त सबै आश्रममा रहने अर्थात् मनुष्यमात्रको एउटै हो, तर संन्यासीको विशेष धर्म निम्नलिखित छ—

**दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं जलं पिबेत्।**
**सत्यपूतां वदेद्वाचं मनःपूतं समाचरेत्॥ १॥**
**क्रुद्ध्यन्तं प्रति न क्रुद्ध्येदाक्रुष्टः कुशलं बदेत्।**
**सप्तद्वारावकीर्णां च न वाचमनृतां वदेत्॥ २॥**
**अध्यात्मरतिरासीनो निरपेक्षो निरामिषः।**
**आत्मनैव सहायेन सुखार्थी विचरेदिह॥ ३॥**
**क्लृप्तकेशनखश्मश्रुः पात्री दण्डी कुसुम्भवान्।**
**विचरेन्नियतो नित्यं सर्वभूतान्यपीडयन्॥ ४॥**
**इन्द्रियाणां निरोधेन रागद्वेषक्षयेण च।**
**अहिंसया च भूतानाममृतत्वाय कल्पते॥ ५॥**



PDFill PDF Editor with Free Writer and Tools

**दूषितोऽपि चरेद्धर्मं यत्र तत्राश्रमे रतः।**
**समः सर्वेषु भूतेषु न लिङ्गं धर्मकारणम्॥ ६॥**
**फलं कतकवृक्षस्य यद्यप्यम्बुप्रसादकम्।**
**न नामग्रहणादेव तस्य वारि प्रसीदति॥ ७॥**
**प्राणायामा ब्राह्मणस्य त्रयोऽपि विधिवत्कृताः।**
**व्याहृतिप्रणवैर्युक्ता विज्ञेयं परमं तपः॥ ८॥**
**दह्यन्ते ध्मायमानानां धातूनां हि यथा मलाः।**
**तथेन्द्रियाणां दह्यन्ते दोषाः प्राणस्य निग्रहात्॥ ९॥**
**प्राणायामैर्दहेद्दोषान् धारणाभिश्च कल्बिषम्।**
**प्रत्याहारेण संसर्गान् ध्यानेनानीश्वरान् गुणान्॥ १०॥**
**उच्चावचेषु भूतेषु दुर्ज्ञेयामकृतात्मभिः।**
**ध्यानयोगेन संपश्येद् गतिमस्यान्तरात्मनः॥ ११॥**
**अहिंसयेन्द्रियासङ्गैर्वैदिकैश्चैव कर्म्मभिः।**
**तपसश्चरणैश्चोग्रैस्साधयन्तीह तत्पदम्॥ १२॥**
**यदा भावेन भवति सर्वभावेषु निःस्पृहः।**
**तदा सुखमवाप्नोति प्रेत्य चेह च शाश्वतम्॥ १३॥**
**चतुर्भरपि चैवैतैर्नित्यमाश्रमिभिर्द्विजैः।**
**दशलक्षणको धर्मः सेवितव्यः प्रयत्नतः॥ १४॥**
**धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः।**
**धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम्॥ १५॥**
**अनेन विधिना सर्वांस्त्यक्त्वा संगाञ्छनैः शनैः।**
**सर्वद्वन्द्वविनिर्मुक्तो ब्रह्मण्येवावतिष्ठते॥ १६॥**

—मनुस्मृति, अ० ६। श्लोक ४६, ४८, ४९, ५२, ६०, ६६, ६७, ७०–७३, ७५, ८०, ९१, ९२, ८१

संन्यासीले बाटोमा हिंड्दा यताउति नहेरेर तल पृथ्वीमा दृष्टि राखेर हिड्नु, सधैं वस्त्रले छानेर पानी पिउनेगर्नु, निरन्तर सत्य बोल्नु र सर्वदा मनले विचार गरेर सत्य ग्रहण र असत्य त्याग गर्नुपर्छ॥ १॥ कतै उपदेश वा संवाद आदिमा कसैले संन्यासीमाथि क्रोध गरेमा अथवा निन्दा गरेमा संन्यासीले त्यसप्रति क्रोध नगरि सदा त्यसको कल्याण हुने उपदेश नै गर्नुपर्छ र मुख, नाक, आँखा र कानका गरी सात द्वारमा फिंजिएको वाणीलाई कुनै कारण पनिमिथ्या बोलेर अपवित्र गर्नुहुँदैन॥ २॥ आफ्नो आत्मा र परमात्मामा स्थिर, अपेक्षारहित, मद्यमांस



सेवन नगर्ने, आत्माकै सहायताले सुखार्थी भएर यस संसारमा धर्म र विद्या बढाउन उपदेश गर्दै सदा विचरण गरिरहनुपर्दछ॥ ३॥ कपाल, दाढी, जुँघा र नङ सधैं कटाउनुपर्छ। सुन्दर पात्र, दण्ड र कुसुम्भ आदिले रँगाइएका वस्त्र धारण गरेर निश्चितात्मा भएर कुनै प्राणीलाई कष्ट न दिई सर्वत्र विचरण गर्नुपर्दछ॥ ४॥ इन्द्रियहरूलाई अधर्माचरणबाट रोकेर, रागद्वेषलाई छोडेर, सबै प्राणीहरू सँग निर्वैर भएर व्यवहार गर्दै मोक्षका लागि सामर्थ्य बढाउनेगर्नुपर्दछ॥ ५॥ संसारमा कसैले उसलाई दूषित वा भूषित जे गरे पनि जुन सुकै आश्रममा व्यवहार गर्ने पुरुष वा संन्यासीले सबै प्राणिहरूमा पक्षपात रहित भएर स्वयं धर्मात्मा हुनु र अरूलाई धर्मात्मा बनाउने प्रयत्न गर्नेगर्नुपर्दछ साथै दण्ड, कमण्डलु, गेरूवस्त्र आदि चिन्ह धारण गर्नु धर्मको कारण होइन भन्ने कुरा आफ्नो मनमा निश्चित जान्नु पर्दछ। सत्य उपदेश र विद्यादानद्वारा मानिस आदि सबै प्राणिहरू प्रति उन्नति गर्नु संन्यासीको मुख्य काम हो॥ ६॥ निर्मली वृक्षको फललाई पिंधेर धमिलो पानीमा हाल्नाले त्यो पानी शोधक भए तापनि त्यसको नाममात्र लिएर अथवा सुनेर मात्र त्यस्तो पानी शुद्ध हुनसक्तैन॥ ७॥ यसकारण ब्राह्मण अर्थात् ब्रह्मवेत्ता संन्यासीले ओं कारपूर्वक सप्तव्याहृतिद्वारा विधिपूर्वक यथाशक्ति प्राणायाम गर्नुपर्छ। तर तीन भन्दा कम प्राणायाम कहिल्यै गर्नुहुन्न, यही संन्यासीको परम तप हो॥ ८॥ किनभने अग्निमा तपाउने वा गलाउने गर्नाले धातुहरूका मल नष्ट भए जस्तै प्राणका निग्रहले मन आदि इन्द्रियका दोष भस्मीभूत हुन्छन्॥ ९॥ यसकारण संन्यासीहरूले नित्यप्रति प्राणायामद्वारा आत्मा, अन्तःकरण र इन्द्रियका दोष, धारणाद्वारा पाप, प्रत्यहारद्वारा संगतिदोष तथा ध्यान द्वारा अनीश्वरका गुण अर्थात् हर्ष, शोक र अविद्या आदि जीवका दोषलाई भस्मीभूत गर्नुपर्दछ॥ १०॥ यसै ध्यानयोगद्वारा अयोगी, अविद्वान्ले जान्न कठिन परमात्माको साना ठूला पदार्थमा व्याप्त र आफ्नो आत्मा तथा अन्तर्यामी परमेश्वरको गतिलाई देख्नुपर्दछ॥ ११॥ कुनै प्राणीसँग वैर नगर्ने, वेदोक्त कर्म र अति उग्र तपश्चरणद्वारा पूर्वोक्त संन्यासी नै यस संसारमा मोक्षपद सिद्ध गर्न र गराउन सक्तछन्, अरू सक्तैन॥ १२॥

संन्यासी सबै भाव अर्थात् पदार्थहरूमा निःस्पृह, आकांक्षारहित र सबै बाहिर भित्रका व्यवहारमा भाव अर्थात् चालचलनद्वारा पवित्र भएर नै यसदेहमा र मृत्यु पछि निरन्तर सुख प्राप्त गर्दछन्॥ १३॥ यसकारण ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र संन्यासीले प्रयत्नपूर्वक दश



PDFill PDF Editor with Free Writer and Tools

लक्षणयुक्त निम्नलिखित धर्म सेवन नित्य गर्नेगर्नुपर्छ॥ १४॥

**पहिलो लक्षण—( धृत )** सदा धैर्य राख्नु। **दोस्रो—( क्षमा )** निन्दा–स्तुति, मान–अपमान, हानि–लाभ आदि दुःखमा पनि सहनशील हुनु। **तेस्रो—( दम )** मनलाई सदा धर्ममा लगाएर अधर्म नगर्नु अर्थात् अधर्म गर्ने इच्छा पनि नहुनु। **चौथौ—( अस्तेय )** चोरी त्याग अर्थात् विना आज्ञा वा छल कपट विश्वासघात वा कुनै व्यवहार तथा वेदविरुद्ध उपदेश द्वारा अर्काका वस्तुलाई लिनु चोरी र त्यसलाई छोड्नु साहुकारी भनिन्छ। **पाँचौ—( शौच )** रागद्वेष पक्षपात छोडेर भित्री अनि पानी, माटो, मार्जन आदिबाट बाहिरी पवित्रता राख्नु। **छैठौं—( इन्द्रियनिग्रह )** इन्द्रियहरूलाई अधर्म आचरणबाट रोकेर धर्ममा नै चलाउनु। **सातौं—( धीः )** मादकद्रव्य, बुद्धिनाशक अन्य पदार्थ सेवन, दुष्टहरू संग संगत, आलस्य, प्रमाद आदि छोडेर श्रेष्ठ पदार्थसेवन, सत्पुरुषहरू संग संगति, योगाभ्यास, धर्माचरण, ब्रह्मचर्य आदि शुभकर्मद्वारा बुद्धि बढाउनु। **आठौं—( विद्या )** पृथ्वी देखि लिएर परमेश्वरपर्यन्त यथार्थज्ञान र तीबाट यथायोग्य उपकार लिनु विद्या र यस विपरीत अविद्याहो। **नवौं—( सत्य )** जस्तो आत्मामा त्यस्तै मनमा, जस्तो मनमा त्यस्तै वाणीमा, जस्तो वाणीमा त्यस्तै कर्ममा व्यवहार गर्नु, अर्थात् जुन पदार्थ जस्तो छ त्यसलाई त्यस्तै सम्झनु, भन्नु र त्यस्तै गर्नु पनि। तथा **दशौं—( अक्रोध )** क्रोध आदि दोषलाई छोडेर शान्ति आदि गुण ग्रहण गर्नु धर्मको लक्षण हो। यी दश लक्षणयुक्त, पक्षपात रहित न्याय आचरण धर्मका सेवन चारै आश्रमका मानिसहरूले गर्नुपर्दछ र यसै वेदोक्त धर्ममा नै आफू चल्नु र अरूलाई सम्झाएर चलाउनु संन्यासीहरूको विशेष धर्म हो॥ १५॥

यस्तै किसिमले विस्तार–विस्तार संगतिका सबै दोष छोडेर, हर्ष–शोक आदि सबै द्वन्द्वबाट मुक्त भएर संन्यासी ब्रह्ममा नै अवस्थित हुन्छ। गृहस्थ आदि सबै आश्रमलाई सबै किसिमका व्यवहारहरू सत्य निश्चय गराएर अधर्म व्यवहारहरूबाट छुटाएर, सबै भ्रम र संशय छेदन गरेर सत्य–धर्मयुक्त व्यवहारहरूमा लगाउनु नै संन्यासीहरूको मुख्य कर्म हो॥ १६॥

**प्रश्न**—संन्यास ग्रहण गर्नु ब्राह्मणकै धर्म हो अथवा क्षत्रिय आदिको पनि हो?

**उत्तर**—ब्राह्मणलाई मात्र अधिकार छ। किनभने सबै वर्णमा जुन पूर्णविद्वान्, धर्मिक, परोपकारप्रिय मानिस छ, त्यसैको ब्राह्मण नाम



हो। पूर्ण विद्या, धर्म, परमेश्वर निष्ठा र वैराग्य विना संन्यास ग्रहण गरेर संसारको विशेष उपकार हुनसक्तैन। यसैकारण ब्राह्मणलाई मात्र संन्यासको अधिकार छ, अरूलाई छैन्न भन्ने लोकश्रुति छ। मनुको यो प्रमाण पनि छ—

**एष वोऽभिहितो धर्मो ब्राह्मणस्य चतुर्विधः।**
**पुण्योऽक्षयफलः प्रेत्य राजधर्मं निबोधत॥**

—मनुस्मृति ६। ९७

मनु महाराज भन्नुहुन्छ—हे ऋषिहरू! यी चार प्रकार अर्थात् ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास आश्रम ग्रहण गर्नु ब्राह्मणको धर्म हो। यही वर्तमानमा पुण्यस्वरूप र शरीर छोडे पछि मुक्तिरूप अक्षय आनन्द दिने संन्यास धर्म हो। यसपछि राजाहरूको धर्म सुन। यसबाट संन्यास ग्रहण गर्ने अधिकार मुख्यरूपमा ब्राह्मणको हो र क्षत्रिय आदिको ब्रह्मचर्याश्रम हो भन्ने कुरा सिद्धहुन्छ।

**प्रश्न**—संन्यास लिनु पर्ने आवश्यकता के छ?

**उत्तर**—जसरी शरीरमा टाउकोको आवश्यकता हुन्छ त्यस्तै आश्रमहरूमा संन्यासाश्रमको आवश्यकता छ। किनभने यो नभई विद्या धर्म कहिल्यै बढ्न सक्तैन। अरू आश्रमको विद्याग्रहण, घरकाकाम र तपश्चर्यासँग सम्बन्ध हुनाले फुर्सद अतिनै कम हुन्छ। पक्षपात छोडेर व्यवहार गर्न अरू आश्रमहरूमा धेरै कठिन हुन्छ। जसरी संन्यासी सबैतर्फबाट मुक्त भएर जगत्‌कै उपकार गर्दछ, अरू आश्रमस्थले त्यस्तो गर्न सक्तैन। किनभने सत्यविद्याहरूद्वारा पदार्थहरूका विज्ञानको उन्नति जति अवसर संन्यासीलाई मिल्दछ त्यति अन्य आश्रमलाई मिल्नसक्तैन। त्यसमा पनि ब्रह्मचर्यबाट संन्यासी हुनेले जगतलाई सत्यशिक्षा गरेर जति उन्नति गर्न सक्तछ त्यति गृहस्थ वा वानप्रस्थ आश्रम पछि संन्यास आश्रम लिनेले सक्तैन।

**प्रश्न**—संन्यास ग्रहण गर्नु ईश्वरका अभिप्रायको विरुद्ध हो। किनभने ईश्वरको अभिप्राय मानिसलाई बढाउन छ। गृहाश्रम नगरेपछि त्यसबाट सन्तानै हुनेछैनन्। संन्यासश्रम नै मुख्य भएर सबैले संन्यास नै लिने हो भने त मानिसको मूल नष्ट भैजानेछ।

**उत्तर**—विवाह गरेर पनि धेरैका सन्तान हुँदैनन् अथवा भएर चाँडै नै मर्दछन् भने त्यो पनि त ईश्वरका अभिप्रायको विरुद्ध भयो। कुनै कविको भनाइमा **'यत्न कृते यदि न सिध्यति कोऽत्र दोषः'** यत्न गरेर पनि कार्य सिद्ध नभए, यसमा के दोष अर्थात् केही पनि छैन, भन्नुहुन्छ



PDFill PDF Editor with Free Writer and Tools

भने हामी ‘गृहाश्रमबाट धेरै सन्तान भएर परस्पर विरुद्ध आचरण गरेर लडेर भिडेर मरे देखि कति ठूलो हानि हुन्छ? भन्ने कुरा सोध्छौं। सम्झेर विरोधले झगडा धेरै हुन्छन्। एउटै संन्यासी वेदोक्त धर्मको उपदेशद्वारा परस्पर प्रीति उत्पन्न गराएर लाखौं मानिसलाई बचाइदिने छ। त्यसबाट हजारौं गृहस्थजति मानिसको वृद्धि हुने छ। अर्को कुरा– सबै मानिसले संन्यास ग्रहण गर्नै सक्तैनन्, किनभने सबैको विषयासक्ति कहिल्यै छुट्नसक्तैन। संन्यासीहरूका उपदेशबाट हुने धर्मिक मानिस सबै ती संन्यासीका पुत्र तुल्य हुन् भन्ने बुझ्नु पर्दछ।

**प्रश्न**—संन्यासीहरू ‘हाम्रो केही कर्त्तव्य छैन, अन्न वस्त्र लिएर आनन्दमा बस्नुपर्छ, अविद्यारूप संसारसँग किन बुद्धि लडाउने’? आफैंलाई ब्रह्म हौ, तिमीलाई पाप–पुण्य लाग्दैन, किनभने गर्मी–सर्दी शरीरको, भोक–प्यास प्राणको र सुख–दुःख मनको धर्म हो। जगत् मिथ्या हो र जगत्का सबै व्यवहार पनि कल्पित र झूठा हुन्, यसकारण यसमा फस्नु बुद्धिमानको काम होइन। जो जति पाप–पुण्य हुन्छ, त्यो शरीर इन्द्रियहरूको धर्म हो, आत्माको होइन, इत्यादि उपदेश गर्दछन्– तपाईंले भने केही विलक्षणनै संन्यासको धर्म बताउनुभयो। अब हामी कसको कुरालाई साँचो र कसको झूठो मानौं?

**उत्तर**—के तिनीहरूले असल कर्म पनि गर्नुपर्दैन? मनुजीले ‘**वैदिकैश्चैव कर्मभिः**’ (मनुस्मृति ६.७५) भनेर वैदिक कर्म, धर्मयुक्त सत्यकर्म संन्यासीहरूले पनि गर्नैपर्छ भन्ने कुरा लेख्नु भएको छ। के ती खान–पान आदिकर्म छोड्न सक्छन्? यी कर्म छुट्न सक्तैनन् भने उत्तमकर्म छोड्नाले के ती पतित र महापापी हुने छैनन्? गृहस्थबाट अन्न वस्त्र आदि लिएर तिनको प्रत्युपकार नगर्ने संन्यासी के महापापी हुदैनन्? जसरी आँखाले देख्ने र कानले सुन्ने नगरे आँखा र कान हुनु व्यर्थै हुन्छ, त्यस्तै संन्यासीले सत्य उपदेश र वेदादि सत्य शास्त्रका विचार, प्रचार गर्दैनन् भने ती पनि जगतमा व्यर्थ भाररूप हुन्। अविद्यारूप संसारसँग किन बुद्धि लडाउने इत्यादि लेख्ने, भन्ने र उपदेश गर्ने पनि आफैं मिथ्यारूप, पाप बढाउने पापी हुन्। शरीरबाट जे जति कर्म गरिन्छ त्यो सबै आत्माकै हुन्छ र त्यसको फल भोग्ने पनि आत्मानै हुन्छ।

जीवलाई ब्रह्म बताउनेहरू पनि अविद्यारूपी निन्द्रामा निंदाएका हुन्। किनभने जीव अल्प अर्थात् एकदेशी र अल्पज्ञ तथा ब्रह्म सर्वव्यापक सर्वज्ञ छ। ब्रह्म नित्य, शुद्ध, बुद्ध, मुक्तस्वाभाव युक्त छ र जीव कहिले



बद्ध, कहिले मुक्त हुन्छ। ब्रह्म सर्वव्यापक सर्वज्ञ हुनाले उसलाई भ्रम वा अविद्या कहिल्यै हुन सक्तैन, जीवलाई भने कहिले विद्या र कहिले अविद्या हुन्छ। ब्रह्म जन्म–मरण–दुःख कहिल्यै प्राप्त हुँदैन, जीव भने जन्म–मरण–दुःख प्राप्त गर्दछ। यसकारण त्यो उपदेश मिथ्या हो।

**प्रश्न**—संन्यासी सर्वकर्मविनाशी हुन्छन् र अग्नि तथा धातुलाई स्पर्श गर्दैनन् भन्ने कुरा सत्य हो वा होइन?

**उत्तर**—होइन, ‘**सम्यङ्नित्यमास्ते यस्मिन्, यद्वा सम्यङ्न्यस्यन्ति दुःखानि कर्माणि येन सः संन्यासः, स प्रशस्तो विद्यते यस्य स संन्यासी**’ ब्रह्म र उसका आज्ञामा उपविष्ट अर्थात् स्थित हुनु र दुष्ट कर्मलाई त्याग्नु संन्यास र त्यो उत्तम स्वभाव भएको संन्यासी भनिन्छ। यसमा राम्रा कर्म गर्ने दुष्ट कर्म विनाश गर्ने व्यक्ति संन्यासी भनिन्छ।

**प्रश्न**—अध्यापन र उपदेश गृहस्थले गर्दछन् भने संन्यासीहरूको के काम?

**उत्तर**—सत्य उपदेश सबै आश्रमकाले गर्नु र सुन्नु पर्दछ। तर जति फुर्सद र निष्पक्षपातता संन्यासीलाई हुन्छ त्यति गृहस्थहरूलाई हुँदैन। ब्राह्मणको भने गर्नु पर्ने कर्म नै पुरुषले पुरुषलाई र स्त्रीले स्त्रीलाई सत्योपदेश गर्नु र पढाउनु हो। जति घुमफिर गर्ने समय संन्यासीलाई मिल्छ त्यति गृहस्थ ब्राह्मण आदिलाई कहिल्यै मिल्नसक्तैन। ब्राह्मणले वेदविरुद्ध कार्य गरेमा तिनको नियन्त्रण गर्ने संन्यासी हुन्छ। यसकारण संन्यासी हुनु उचित हो।

**प्रश्न**—‘**एक रात्रिं वसेद् ग्रामे**’ इत्यादिमा संन्यासीले एक ठाउँमा एक रात्रिभन्दा बढी बस्नुहुन्न भनिन्छ, के यो सत्य हो?

**उत्तर**—एकै ठाउँमा बस्ता जगत्को उपकार त्यति धेरै हुन सक्तैन भन्ने कुरा केही अंशमा राम्रै हो। यसो हुँदा स्थानान्तरको अभिमान हुन्छ र रागद्वेष पनि बढी हुन्छ। तर एकै ठाउँमा बस्नाले विशेष उपकार हुन्छ भने बसे पनि हुन्छ। जस्तै राजा जनककहाँ चार–चार महीमा सम्म पञ्चशिखा आदि र अरू संन्यासीहरू कैयौं वर्षसम्म बस्नेगर्दथे। ‘एकत्र न बस्नु’ भन्ने कुरो हो जोआजका पाखण्डी सम्प्रदायीहरूले संन्यासी एकै ठाउँमा धेरै बस्यो भने तिनीहरूको पाखण्ड खण्डित हुनेछ र धेरै बढ्न सक्नेछैन भन्ने हेतुले बनाएको हो।

**प्रश्न**— **यतीनां काञ्चनं दद्यात्ताम्बूलं ब्रह्मचारिणाम्।**
**चौराणाभमयं दद्यात् स नरो नरकं व्रजेत्॥**

इत्यादि वचनको अभिप्राय संन्यासीहरूलाई सुवर्ण दान दिने दाता



PDFill PDF Editor with Free Writer and Tools

नरक पुग्दछ भन्ने कुरा के सत्य हो त?

**उत्तर**—यो कुरा पनि वर्णाश्रमविरोधी, सम्प्रदायी र स्वार्थको समुद्र भएका पौराणिकहरूद्वारा कल्पित हो। संन्यासीले धन पाए भने ती हाम्रो खण्डन बढी गर्न सक्नेछन् र हाम्रो हानि हुनेछ र ती हाम्रो अधीन पनि रहने छैनन्। अनि भिक्षादि व्यवहार हाम्रो अधीन हुँदा भने ती डराइरहनेछन् इत्यादि स्वार्थले यस्तो कल्पना गरिएको हो। मूर्ख र स्वार्थीहरूलाई दान दिनु राम्रो लाग्छ भने विद्वान् र परोपकारी संन्यासहरूलाई दिनमा केही पनि दोष हुन सक्तैन। हेर्नुहोस्

**विविधानि च रत्नानि विविक्तेषूपपादयेत्॥**

—मनुस्मृति ११।६

नाना प्रकारका रत्न, सुवर्ण आदि धन '**विविक्त**' अर्थात् संन्यासी–हरूलाई दिनुपर्दछ। अनि त्यो यतीनां. आदि श्लोक पनि अनर्थक हो, किनकि संन्यासीलाई सुन दिदा दाता यजमान नरक जान्छ भने चाँदी, मोती, हीरा आदि दिदा के स्वर्ग जान्छ?

**प्रश्न**—पण्डितजीले यो श्लोक भन्दा पाठ बिर्सनुभएछ। श्लोक यसो हो '**यतिहस्ते धनं दद्यात्**' अर्थात् संन्यासीका हातमा धन दिने व्यक्ति नरक जान्छ।

**उत्तर**—यो पनि कुनै अविद्वान्ले कपोलकल्पनाद्वारा रचेको हो। किन भने हातमा धन दिदा दाता नरकमा जान्छ भने खुट्टामा पोको पारेर राखि दिंदा स्वर्ग जान्छ।

यसकारण यो कल्पना मात्र योग्य होइन। के चाहिं ठीक हो भने संन्यासीले आफ्नो योगक्षेम हुने भन्दा बढी धन राखेमा चोर आदिबाट पीडित र मोहित पनि हुनेछ। तर विद्वान् व्यक्ति भने अनुचित व्यवहार कहिल्यै गर्नेछैन र मोहमा पनि फस्नेछैन। किनभने त्यसले गृहाश्रममा अथवा ब्रह्मचर्यमा पहिले नै सबै भोगिसकेको वा सबै देखिसकेको हुन्छ र ब्रह्मचर्यबाट सोझै संन्यासी हुने पनि पूर्ण वैराग्ययुक्त हुनाले कहिल्यै कतै फस्दैन।

**प्रश्न**—श्राद्धमा संन्यासी आयो र त्यसलाई ख्वाइयो भने ख्वाउनेका पितर सबै भाग्दछन् र त्यो नरकमा पर्छ भन्छन् नि त। यो के सत्य हो?

**उत्तर**—पहिलो कुरा त मरेका पुर्खा आउँछन् र गरेको श्राद्ध मरेका पितरसम्म पुग्दछ भन्नु नै असम्भव, वेद र युक्तिविरुद्ध हुनाले मिथ्या हो। अनि आउँदै आउँदैनन् भने भागेर को जान्छ? आफ्ना पाप–पुण्य अनुसार ईश्वरका व्यवस्थाले मृत्यु पछि जीव जन्म लिन्छन्



भने उनीहरू कसरी आउन सक्तछन्? यसकारण यो पनि पेटार्थी, पुराणी र वैरागीहरूको मिथ्या कल्पना हो! के चाहिं ठीक हो भने संन्यासी गएका भएका ठाउँमा मृतक श्राद्ध आदि पाखण्ड वेदादि शास्त्र विरुद्ध हुनाले भाग्ने छ।

**प्रश्न**—ब्रह्मचर्यबाट संन्यास लिनेलाई जीवन निर्वाह गर्न र कामका वेगलाई रोक्न पनि धेरै कठिनाइ पर्दछ। यसकारण गृहाश्रम, वानप्रस्थ भएर वृद्ध भएपछि मात्र संन्यास लिनु राम्रो हुन्छ, होइन र?

**उत्तर**—जीवन निर्वाह गर्न नसक्ने र इन्द्रियहरूलाई रोक्न नसक्ने भए ब्रह्मचर्यबाट संन्यास लिनु ठीक होइन। तर रोक्न सक्छ भने किन नलिने? जुन पुरुषले विषयका दोष र वीर्य संरक्षणका गुण जानेको छ भने त्यो विषयासक्त कहिल्यै हुँदैन। त्यसको वीर्य विचाररूपी अग्निको इन्धन हुन्छ अर्थात् त्यसैमा व्यय हुन्छ। जसरी वैद्य र औषधिको आवश्यकता रोगीलाई हुन्छ, निरोगीलाई हुँदैन, त्यस्तै विद्या–धर्म वृद्धि र संसारको उपकार गर्नु नै प्रयोजन भएका पुरुष वा स्त्रीले विवाह नगर्नु उचति हुन्छ। जस्तै पंचशिखा आदि पुरुष र गार्गी आदि स्त्री भएका थिए। यसकारण अधिकारले नै संन्यासी हुनु उचित हुन्छ, अनधिकारीले संन्यास लिएमा आफूपनि डुब्ने छ र अरूलाई पनि डुबाउने छ। जसरी '**सम्राट्**' चक्रवर्ती राजा हुन्छ त्यस्तै '**परिव्राट्**' संन्यासी हुन्छ। अझ राजा आफ्नो देश वा आफ्ना सम्बन्धीहरूमा सत्कार पाउँछ भने संन्यासी सर्वत्र पूजित हुन्छ—

**विद्वत्त्वं च नृ पत्वं च नैव तुल्यं कदाचन।**
**स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते॥**

—चाणक्यशतक–३

यो चाणक्य नीतिशास्त्रको श्लोक हो। विद्वान् र राजाको कहिल्यै समानता हुनसक्तैन, किनकि राजा आफ्नो राज्यमा सम्मान र सत्कार र पाउँछन भने विद्वान् सर्वत्र मान र प्रतिष्ठा प्राप्त गर्दछ। यसैले विद्या पढ्न, सुशिक्षा लिन र बलवान् हुन आदिका लागि ब्रह्मचर्य्य; सबै किसिमका उत्तम व्यवहार सिद्ध गर्नको निम्ति गृहस्थ, विचार, ध्यान र विज्ञान बढाउन तथा तपश्चर्या गर्न वानप्रस्थ र वेदादि सत्यशास्त्र प्रचार, धर्मव्यवहारलाई ग्रहण र दुष्टव्यवहारलाई त्याग, सत्योपदेश र सबैलाई सन्देहरहित गर्न आदिका निम्ति संन्यासाश्रम हुन्छ। तर संन्यासका मुख्य धर्म सत्योपदेश आदि नगर्ने भने पतित र नरकगामी हुन्छन्। यसकारण सदा सत्योपदेश, शङ्का समाधान, वेदादि सत्यशास्त्र अध्यापन



PDFill PDF Editor with Free Writer and Tools

र वेदोक्त धर्म वृद्धि प्रयत्नपूर्वक गरेर सबै संसारको उन्नति गर्नु संन्यासीलाई उचित हुन्छ॥

**प्रश्न**—संन्यासी बाहेकका अरू साधु, वैरागी, गुसाई, खाखी आदि पनि संन्यासाश्रममै गनिन् छन् वा गनिदैनन्?

**उत्तर**—गनि दैनन्। किनभने तिनमा संन्यासको एउटा पनि लक्षण देखिंदैन। ती वेदविरुद्ध मार्गमा चलेर वेदभन्दा बढी आफ्ना सम्प्रदायका गुरुका कुरा मान्दछन्, आफ्नै मत फसाउँछन्। सुधार गर्नु त टाढै जाओस्, त्यसको सट्टामा संसारलाई झुक्याएर अधोगति गराउँछन् र आफ्नो स्वार्थ सिद्ध गर्दछन्। यसकारण यिनलाई संन्यासाश्रममा गन्न सकिंदैन, तर यी पक्कै स्वार्थाश्रमी हुन् भन्ने कुरामा केही शंकै छैन।

स्वयं धर्ममा चलेर सबै संसारलाई धर्ममा चलाउने, आफू र सबै संसारलाई यसलोक अर्थात् वर्तमान जन्ममा तथा परलोक अर्थात् अर्को जन्ममा स्वर्ग अर्थात् सुख भोग गर्ने–गराउने धर्मात्माजन नै संन्यासी र महात्मा हुन्।

यो संक्षेपमा संन्यासाश्रम शिक्षा लेखियो। अब यसपछि राज–प्रजाधर्म विषय लिखिने छ।

**इति श्रीमद्दयानन्दसरस्वतीस्वामिकृते सत्यार्थप्रकाशे**
**सुभाषाविभूषिते वानप्रस्थसंन्यासाश्रमविषये**
**पञ्चमः समुल्लासः सम्पूर्णः॥५॥**



# अथ षष्ठ–समुल्लासः

## अथ राजधर्मान् व्याख्यास्यामः

**राजधर्मान् प्रवक्ष्यामि यथावृत्तो भवेन्नृपः।**
**संभवश्च यथा तस्य सिद्धिश्च परमा यथा॥१॥**
**ब्राह्मं प्राप्तेन संस्कारं क्षत्रियेण यथाविधि।**
**सर्वस्यास्य यथान्यायं कर्तव्यं परिरक्षणम्॥२॥**

—मनुस्मृति ७। १–२

मनु महाराज ऋषिहरूसँग भन्नुहुन्छ–चारै वर्ण र चारै आश्रमका व्यवहारकथन पछि राजधर्म व्याख्या अर्थात् राजा कस्तो हुनुपर्दछ भन्ने कुरा व्याख्या गरिन्छ। राजा जस्तो हुन सम्भव छ तथा जसरी राजालाई परमसिद्ध प्राप्त हुन्छ त्यो सबै कुरा भनिन्छ॥१॥ जसरी परमविद्वान् ब्राह्मण हुन्छ त्यस्तै विद्वान् सुशिक्षित भएर क्षत्रियले राज्यको रक्षा न्यायपूर्वक यथावत् गर्नु उचितहुन्छ॥२॥ त्यसको प्रकार यो हो—

**त्रीणि राजाना विदथे पुरूणि परि विश्वानि भूषथः सदांसि॥**

—ऋ० मं० ३। सू० ३८। मं० ६॥

ईश्वर उपदेश गर्दछ—( **राजाना** ) राजा र प्रजाका पुरुषले मिलेर ( **विदथे** ) सुखप्राप्ति र विज्ञानवृद्धिकारक राजा प्रजाको सम्बन्धरूप व्यवहारमा ( **त्रीणि सदांसि** ) तीन सभा अर्थात् विद्यार्यसभा, धर्मार्यसभा र राजार्य्यसभा गठन गरेर ( **पुरूणि** ) धेरै प्रकारका ( **विश्वानि** ) समग्र प्रजासम्बन्धी मनुष्य आदि प्राणिहरूलाई ( **परिभूषथः** ) सबै तर्फबाट विद्या, स्वातन्त्र्य, धर्म, सुशिक्षा र धनादिबाट अलंकृत गर्नुपर्दछ।

**तं सभा च समितिश्च सेना च॥१॥**

—अथर्व० कां० १५। अनु० २। व० ९। मं०२॥

**सभ्यः सभां मे पाहि ये च सभ्याः सभासदः॥२॥**

—अथर्व० कां० १९। अनु० ७। व० ५५। मं० ६॥

( **तम्** ) त्यस राजधर्मलाई ( **सभा च** ) तिनै सभा ( **समितिश्च** ) हे सभाका योग्य मुख्य सभासद्! तिमी ( **मे** ) मेरो ( **सभाम्** ) सभाको धर्मयुक्त व्यवस्थालाई ( **पाहि** ) पालन गर र ( **ये च** ) जुन ( **सभ्याः** ) सभाका योग्य सभासद् छन ती पनि सभाका व्यवस्था पालन



PDFill PDF Editor with Free Writer and Tools